# जलवायु परिवर्तन , कालापत्थर बैठक र कोपनहेगनमा नेपाली जन्ती



**इन्द्रराज भट्टराई**
**संरक्षणकर्मी तथा अध्यक्ष, दिगो विकासमा प्रयास नेपाल (SDI Nepal)**

वायुमण्डलमा कार्वन डाइअक्साइडको मात्रा बढ्दै जाँदा विश्व तापमानमा बृद्धि हुन गई वातावरणीय क्षेत्रमा विविधखाले समस्याहरु देखापर्ने गरेका छन् । मानव जीवनमा प्रत्यक्ष असर पार्ने ती समस्याहरुमा समयमा हिमपात नहुने , हिउँ पग्लने, समयमा पानी नपर्ने , अतिवृष्टि हुने र बाढी पहिरो निम्तिने, अल्पवृष्टि हुने र खडेरी पर्ने, पानीका मुहान सुक्ने, खेतीपाती तथा समग्र कृषि उत्पादनमा कमी हुने, विभिन्न किसिमका नयाँ रोगको महामारी फैलने, जैविक विविधतामा ह्रास आउने तथा समग्र पर्यावरणीय पद्धतिमा नै नकारात्मक प्रभाव पार्ने आदि मुख्य रुपमा रहेका छन् । यी समग्र वातावरणीय समस्याहरुले आज अविकसित राष्ट्रहरु सबैभन्दा आक्रान्त छन् , जसको एउटा नमूना बनेको छ नेपाल । **काफल पाक्यो चरी कराएन, मुस्ताङको स्याउको रङ फेरियो, नाम्चे बजारमा लामखुट्टे भेटिए, साङ्लाको विगविगी बढ्यो , पहिले भैं चरा देखिएनन् , अहिलेसम्म कै ठूलो डढेलो लाग्यो, अक्टोवरमा दार्चुलामा करिब २ फिट हिउँ पऱ्यो अनि सोही समयमा सुदूर पश्चिममा बाढीले लाखौं घरवारविहीन भए** आदि आदि त हामीले विभिन्न सञ्चार माध्यममा सुन्ने गरेका नै छौं ।

“खाएको विष लाग्छ , नखाएको विष त लाग्दैन ” भन्ने नेपाली उखान आज असत्य सावित भएको छ । अब यस्ता उखानहरु परिवर्तन गर्नुपर्ने समय पो भयो कि ? विकसित भनिने राष्ट्रहरुमा बढ्दो औद्योगिकीकरण, आणविक प्रतिष्पर्धा आदिका कारण कार्वन ($CO_2$), मिथेन ($CH_4$), नाइट्रस अक्साइड ($NO_2$) लगायतका हरितगृह ग्यास (Green House Gases) को उत्सर्जन बढ्न गई पृथ्वीको तापमान् दिन प्रतिदिन बढ्दो छ । हालैमात्र सार्वजनिक तथ्याङ्कले समेत यो मात्रा ०.०६° सेन्टीग्रेड प्रतिबर्षका दरले बढेको पाइन्छ । यसको प्रमुख कारकका रुपमा इन्धन प्रयोग, यातायात, उद्योग कलकारखाना तथा वनविनासलाई लिन सकिन्छ । यस समस्याबाट सबैभन्दा आक्रान्त पारिएका अविकसित राष्ट्रहरुमा नेपाल , भुटान, माल्दिभ्स आदि पर्दछन् । नेपाल र भुटानका हिमालयहरु दिन प्रतिदिन उच्च दरमा पग्लदै जाने क्रममा छन् भने माल्दिभ्स जस्तो देश समुद्रमुनि डुब्ने खतरामा छ । यसका कारणले विभिन्न हिमाली क्षेत्रहरुमा हिमतालहरु निर्माण हुने क्रम जारी छ । करिब सन् १९६० तिर हुँदै नभएको नेपालको इम्जा हिमताल (५०१० मिटर) , मनास्लु हिमालको पश्चिममा रहेको ठूलागी हिमताल जस्ता करिब २७ वटा हिमतालहरु हाल फुट्ने खतरामा छन् । यस्ता हिमतालहरु फुटेमा त्यसले मानव जीवनमा पार्ने प्रभाव वा असरको कल्पना गर्न समेत सकिदैन । यसबाट ठूलो मात्रामा जैविक विविधतामा ह्रास आउने , कृषिमा असर पर्ने तथा बृहत मानवीय क्षति हुने कुरामा कुनै शंका छैन ।

केही महिना अघिदेखि नेपालमा “वातावरण मेरो विषय हो ” भन्ने होडबाजी चलेको कुरा विभिन्न संचार माध्यमहरुमा नआएको होइन । अझ मन्त्रीपरिषद्को बैठकमा नै वातवारण मन्त्रालय र वन मन्त्रालयबीच कसले जलवायु परिवर्तनको मुद्दालाई नेतृत्व गर्ने भन्ने विषयमा समेत विवाद चलेको कुरा बाहिर आयो । आखिर जुन मन्त्रालयले गरेपनि राम्रो कामको सराहना गर्नै पर्दछ । तर कुरामा मात्र सिमित गरेर होइन कार्यन्वयन गरेर देखाउनु आजको आवश्यकता हो । यही मङ्सीर १९ गते शुक्रबारका दिन नेपाल सरकारले माल्दिभ्स सरकारको सिको गर्दै संसारको उच्च शिखर सगरमाथाको आधार शिविर ५५४२ मिटर (करीब १८२०० फिट) को उचाईमा रहेको कालापत्थरमा २२ जना मन्त्रीको उपस्थितिमा मन्त्रीपरिषदको बैठक सम्पन्न गरी राष्ट्रिय अन्तरार्ष्ट्रिय संचारमाध्यममा समेत चर्चा प्राप्त गऱ्यो । स्मरण रहोस् माल्दिभ्स सरकारले केही महिना अघिमात्रै समुद्रमुनि मन्त्रीपरिषद्को बैठक सम्पन्न गरेको थियो । कालापत्थर बैठकमार्फत १० बुँदे घोषणा पत्र पनि जारी गरियो जसमा संरक्षण क्षेत्रलाई हालको करिब १८.५ % बढाएर २५% सम्म विस्तार गर्ने, विकासशील मुलुकको आयको १.५ % जलवायु कोषमा दिने कुराको समर्थन गर्ने, वायुमण्डलमा हरितगृह ग्यासको मात्रा ३५० पिपिएम (पार्टस पर मिलियन) भन्दा कम

हुनुपर्ने, पृथ्वीको औषत तापक्रम औद्योगिकीकरण थालनी अघिको भन्दा १.५° सेन्टीग्रेडभन्दा बढी हुन नहुने, जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धानमा जोड दिने एवं यस सम्बन्धी स्थानीय र राष्ट्रिय स्तरमा सचेतना कार्यक्रमहरु संचालन गर्ने जस्ता महत्वपूर्ण निर्णयहरु पारित गर्‍यो ।

विश्वको सर्वोच्च शिखर सगरमाथाको आधारसिविर कालापत्थरमा करिब ६० लाख खर्चेर मन्त्री परिषद्को बैठक गरियो र नेपालको हिमालय क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरबारे अन्तराष्ट्रिय समुदायको ध्यान यसले केन्द्रित गर्न पनि सक्यो । उक्त बैठकपछि नेपालको मन्त्री परिषद्ले जारी गरेको दश बुँदे घोषणापत्रमा अन्तराष्ट्रिय क्षेत्रमा पार्ने प्रभाव र विश्व समुदायलाई गरेको आग्रह सकारात्मक मान्नुपर्छ । तर उक्त घोषणापत्रमा अन्तराष्ट्रिय जगतका विकसित भनिने राष्ट्रहरु अमेरिका (जो कार्वन उत्सर्जन गर्ने प्रमुख राष्ट्रमा पर्दछ), भारत, चीन, अष्ट्रेलिया आदिको विरोध गर्ने एक शब्दसम्म लेख्न नसक्नु नेपाल सरकराको विदेश परस्त नीति नै हो कि भन्ने आशंका उब्जिएको छ ।

अब प्रसङ्ग अगाडि बढाऔं कोपनहेगन सम्मेलनको । कोप १५ अर्थात कन्फेरन्स अफ पार्टिजको १५ औं शिखर सम्मेलन डेनमार्कको राजधानी कोपनहेगनमा यही डिसेम्बर ७ देखि १८,२००९ देखि शुरु भएको छ । सन् १९९५ मा जर्मनीको वर्लिनबाट शुरु भएको जलवायु परिवर्तन सम्बन्धी सम्मेलन सन १९९७ मा जापानको क्योटोमा भएको क्योटो प्रोटोकल हुँदै सन् २००९ सम्म आइपुग्दा १५ औं सम्मेलनका रुपमा सबैभन्दा बढी चर्चित त बन्न पुग्यो तर यो चर्चा को परिणाम के हुने हो भन्ने अन्योल जारी छ । क्योटो सन्धिमा विश्व समुदायले कार्वन उत्सर्जन कमी गर्ने प्रतिबद्धता जनाएको भएपनि त्यसको उल्लेख्य कार्यान्वयन भने हुन नसकेको अवस्था छ ।

१०० भन्दा बढी मुलुकका राष्ट्राध्यक्ष तथा सरकार प्रमुखको सहभागिता एवं १९२ मुलुकको प्रतिनिधित्व रहने यस संयुक्त राष्ट्रसंघीय विश्व शिखर सम्मेलनमा कार्वन उत्सर्जन गर्ने प्रमुख राष्ट्रहरु अमेरिका, बेलायत, भारत, फ्रान्सका सरकार प्रमुखहरुको उपस्थितिलाई सकारात्मक रुपमा त हेरिएको छ तर त्यसकै आधारमा जलवायु परिवर्तनले विशेषतः नेपाल जस्ता गरिब मुलुकहरुलाई पारेका असरका बारेमा छलफल र निर्णय हुन्छ भन्ने कुरामा चाहिं विश्वस्त हुन सकिदैन । यस सम्मेलनले अन्तराष्ट्रिय स्तरमा जलवायु परिवर्तन सम्बन्धी महासन्धि अन्तर्गत स्वच्छ उर्जा संयन्त्र (Clean Development Mechanism), कार्वन व्यापार (Carbon Trade), हरितगृह ग्याँस उत्सर्जनमा कमी (Reduction in GHGs) जस्ता कार्यक्रमहरु ल्याई प्रदषकले प्रदुषण शुल्क तिर्नुपर्ने सिद्धान्त (Polluter Pays Pariciple) लाई प्रभावकारी रुपमा अगाडि बढाउन सकेमा मात्र यो विश्व सम्मेलन सार्थक हुन सक्छ ।

संसारका वातावरण संरक्षणमा चासो राख्ने विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय सरकारी एवं गैरसरकारी संघ संस्थाहरुले नियालिरहेको यस पटकको सम्मेलनले ठोस रुपमा जलवायु परिवर्तनका कारण उत्पन्न समस्याहरुको समाधानका लागि ठोस कार्ययोजना तयार पार्ने र कार्यान्वयनमा प्रतिबद्धता व्यक्त गरेमा सम्मेलनको सार्थकता रहनेछ । होइन भने जलवायु परिवर्तनका नाममा नेपालजस्ता देशले सम्मेलन, छलफल , भ्रमणका नाममा खर्च गरिरहेको अरबौं रुपैयाँले मुलुकलाई झन् झन् जटिलतातर्फ लगिरहेको यथार्थताले जलवायु परिवर्तनबाट आक्रान्त गरिब जनताहरुमा अझ बढी चोटपर्ने कुरामा कुनै दुईमत छैन । यसको पछिल्लो प्रमाणका रुपमा कोपनहेगन सम्मेलनमा डेनमार्क सरकारका तर्फबाट प्रस्तुत गरिएको भनिएको कार्यपत्र शुरुमा नै विवादित हुनुलाई लिन सकिन्छ । उक्त कार्यपत्रमा विकसित र विकासशील राष्ट्रहरुको बारेमा सन्तुलित धारणा नआएको अर्थात जलवायु परिवर्तनको असर प्रमुख रुपमा परेका अविकसित देशहरुको समस्यालाई त्यति ध्यान नदिइएको कुराले पनि यस सम्मेलनबाट कुनै ठोस आशा गर्न सकिने अवस्था देखिदैन ।

तसर्थ विकसित मुलुकहरुका बीचमा रहेको आणविक प्रतिष्पर्धा र औद्योगिकीकरणका कारण नेपालको जैविक विविधतामा परेको असरबारे स्पष्ट रुपमा बोल्न र अन्तराष्ट्रिय समुदायको ध्यानाकर्षण गराउन सकेमात्र कोपनहेगेन सम्मेलनमा नेपालको प्रतिनिधित्व सार्थक हुन सक्छ । तर सम्मेलनमा जम्मा ३ मिनेट बोल्ने समय प्राप्त गरेका नेपाल सरकारका प्रधानमन्त्री माधवकुमार नेपालको कस्तो प्रस्तुति रहला र आगामी दिनमा जलवायु परिवर्तनबाट उत्पन्न समस्या विरुद्ध लड्न कस्तो सहयोग पुर्‍याउला त्यो भने भविष्यले नै देखाउला । तर करिब ६०० जना जन्तीका साथ कोपनहेगन पुगेको नेपाली वरियातले देखाउने मेला अनि उक्त मेलामा हुने तामझामसहितको पदयात्राको खर्चको बारेमा (३ करोड खर्च) सुन्दा नेपाली जनताले वातावरणप्रेमी वर्तमान सरकारलाई हृदयदेखि नै धन्यवाद दिनुपर्छ । कोपनहेगन जानकै लागि भएपनि जलवायु परिवर्तनलाई मुखाग्र गर्ने नेपाल सरकार, यसका सदस्यहरु र आसेपासेहरुलाई बधाई !!!